# नीलकण्ठ राजपत्र

## नीलकण्ठ नगरपालिकाद्वारा प्रकाशित

खण्डः ९)  धादिङवेसी, धादिङ  (संख्याः ८  मितिः २०८२।०७।२६


## भाग - २

नीलकण्ठ नगरपालिका

## नीलकण्ठ नगरपालिकाको कृषि तर्फका कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

<u>नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८२।०७।२३</u>

**प्रस्तावनाः**

नीलकण्ठ नगरपालिकाबाट आर्थिक वर्ष २०८२/०८३ मा कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न संचालन गरिने कार्यक्रमहरुको कार्यान्वयनलाई सहज, व्यवस्थित, गुणस्तरयुक्त, प्रभावकारी, पारदर्शी, जवाफदेहि एवं अनुमानयोग्य बनाउन वाञ्छनीय भएकाले नीलकण्ठ नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ बमोजिम नीलकण्ठ नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

### परिच्छेद —१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "नीलकण्ठ नगरपालिकाको कृषि विकास तर्फका कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"कार्यविधि"** भन्नाले नीलकण्ठ नगरपालिका कृषि विकास तर्फका कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ लाई सम्झनु पर्दछ ।

(ख)**"आवेदक भन्नाले"** कार्यविधि र सार्वजनिक सूचना अनुसार प्रस्ताव पेश गर्न योग्य व्यवासायिक कृषक, व्यावसयिक कृषि फर्म, कृषक समूह, कृषि सहकारी र उपभोक्ता समिति लाई सम्झनु पर्नेछ ।

(ग) **"प्रस्ताव"** भन्नाले कार्यालयले सार्वजनिक गरेको सूचना अनुसार आवेदकले निर्धारित ढाँचामा तयार गरी पेश गरेको अवधारण पत्र तथा कार्ययोजना सहितको आवेदन सम्झनु पर्दछ ।

(घ) **"कृषक"** भन्नाले कृषि वा कृषि क्षेत्रमा संलग्न भएको व्यक्ति, उद्यमी र व्यवसायीलाई सम्झनु पर्नेछ ।

(ङ) **"कृषक समूह"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका कृषक समूहलाई सम्झनु पर्नेछ।

(च) **"कृषि सहकारी"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका कृषि क्षेत्रमा काम गर्ने सहकारी लाई सम्झनु पर्नेछ।

(छ)**"नगरपालिका"** भन्नाले नीलकण्ठ नगरपालिका सम्झनु पर्नेछ ।

(ज) **"कार्यपालिका"** भन्नाले नीलकण्ठ नगरपालिकाको कार्यपालिका सम्झनु पर्नेछ ।

(झ)**"कार्यालय"** भन्नाले नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्नेछ ।

(ञ)"**कृषि विकास शाखा**" भन्नाले नगर कार्यपालिकाको कार्यालय अन्तर्गतको कृषि विकास शाखा सम्झनु पर्नेछ ।

(ट) **"मूल्याङ्कन समिति"** भन्नाले दफा ८ बमोजिम गठन भएको समितिलाई सम्झनु पर्नेछ ।

**३. उद्देश्यः** यस कार्यविधिको देहाय बमोजिमको उद्देश्य रहेको छः

(क) नगरपालिकाबाट संचालन हुने कृषि विकास तर्फका कार्यक्रम कार्यन्वयन कार्यपद्धतिमा नियमितता, मितव्ययिता, एकरुपता, तथा पारदर्शिता ल्याई कार्यक्रमहरुलाई व्यवस्थित ढंगले कार्यान्वयन गर्ने,

(ख) स्थानीय कृषकहरुको कृषि व्यवसायलाई प्रवर्द्धन, व्यावसायीकरण तथा आधुनिकीकरणमा मद्दत पुर्याउने,

(ग) कार्यक्रम सम्बन्धी सरोकारवालाहरुलाई सुसूचित गर्ने।

४. <u>कार्यक्रम सञ्चालन हुने स्थानः</u> नीलकण्ठ नगरपालिका भित्र यो कार्यक्रम सञ्चालन हुनेछ। कुनै क्षेत्र तोकेर कार्यक्रम स्वीकृत भए सोही क्षेत्रमा मात्र कार्यक्रम सञ्चालन गरिनेछ।

## परिच्छेद २

## कार्यक्रम सम्बन्धी व्यवस्था

५. **कार्यक्रममा समावेश हुन पाउने:**(१) नीलकण्ठ नगरपालिका भित्रका कृषि तथा पशुपन्छी फर्म उद्यमी /समूह /सहकारी/समिति कार्यक्रममा समावेश हुन पाउने छन्। तर कुनै निश्चित क्षेत्र वा वडा तोकी कार्यक्रम स्वीकृत भएको भए सोही क्षेत्रका कृषि तथा पशुपन्छी फर्म उद्यमी /समूह /सहकारी/समिति मात्र समावेश हुन सक्नेछन्।

६. **सूचना प्रकाशन:** (१) कार्यालयले कार्यक्रम सञ्चालन लागि आवेदन माग गर्न अनुसूची-१ बमोजिमको ढाँचाँमा कम्तिमा २१ दिनको म्याद राखी सूचना प्रकाशित गर्नु पर्नेछ ।

(२) दफा (१) बमोजिमको सूचना सार्वजनिक स्थल, अन्य सरकारी कार्यालय, वडा कार्यालयमा टाँस गरी नगरपालिकाको वेबसाइट/आधिकारिक सामाजिक सञ्जालमा समेत प्रकाशन गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सूचना प्रकाशन गर्दा माग अनुसारको प्रस्ताव दर्ता हुन नआएमा कार्यालयले पुनः ७ दिनको समय सीमा राखी पुन: दोस्रो पटकको लागि प्रस्ताव आह्वानको लागि सूचना प्रकाशन गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सूचना प्रकाशन गर्दा पनि प्रस्ताव दर्ता हुन नआएमा कार्यपालिकाको निर्णय अनुसार गर्नुपर्नेछ।

७. **प्रस्ताव पेश गर्ने:** (१) नीलकण्ठ नगरकार्यपालिकाको कार्यालयमा प्रस्ताव पेश गर्दा आवेदकले अनुसूची-२ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नुपर्नेछ। साथै अनुसूची-३ बमोजिम सरकारी सुविधाको हिनामिना नगर्ने प्रतिवद्धता र अनुसूची-४ बमोजिम सोही कार्यको लागि अन्य निकायबाट दोहोरो सुविधा नलिएको स्व-घोषणा समेत जनाउनुपर्नेछ।

८. **लाभग्राही छनौट:** (१) यस कार्यक्रममा पेश हुन आएका प्रस्ताव मूल्याङ्कन गरी छनौट कार्यको लागि देहाय बमोजिमको समिति रहनेछ।

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | - संयोजक |
| (ख) आर्थिक प्रशासन शाखाका प्रमुख | - सदस्य |
| (ग) आर्थिक विकास समिति सदस्य (१ जना) | - सदस्य |
| (घ) समितिले मनोनयन गरेको सम्बन्धित क्षेत्रका विज्ञ (१ जना) | - सदस्य |
| (ङ) कृषि विकास शाखा प्रमुख | -सदस्य सचिव |

(२) समितिले आवेदकको मूल्याङ्कन गर्दा एक भन्दा बढि उपयुक्त आवेदक रहेको देखेमा विनियोजित बजेटलाई ध्यानमा राखी एक वा सो भन्दा बढी आवेदकलाई छनौट गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिले प्रस्ताव छनौटको लागि मापदण्ड तयार गरी सोही मापदण्डको आधारमा मूल्याङ्कन गरी लाभग्राही छनौट गर्न सक्नेछ।

९. **<u>कार्यक्रमको अनुगमनः</u>** (१) यस कार्यविधि अनुसारका कार्यक्रमको अनुगमनको लागि देहाय बमोजिमको समिति रहनेछ।

| | |
|---|---|
| (क) आर्थिक विकास समितिका संयोजक | - संयोजक |
| (ख) सम्बन्धित वडाको वडाअध्यक्ष | - सदस्य |
| (ग) समितिले मनोनयन गरेको सम्बन्धित क्षेत्रका विज्ञ (१ जना) | - सदस्य |
| (घ) कृषि विकास शाखाको १ जना कर्मचारी | - सदस्य |
| (ङ) पशु सेवा शाखाको प्रमुख | -सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिले वितरित अनुदानबाट भएको कार्यको अनुगमन तथा मूल्याङ्कन गर्नसक्नेछ।

१०. **<u>आपूर्तिकर्ताको छनौटः</u>** नगरपालिकाले अनुदानमा वितरण गर्ने सामाग्रीका लागि खरिद ऐन/नियमावलीको प्रक्रिया बमोजिम आपूर्तिकर्ता छनौट गर्नेछ।

११. **<u>लागत सहभागीताः</u>** छनौट भएका लाभग्राहीले सूचनामा वा कार्यविधिमा उल्लेख भए बमोजिम लागत सहभागीता जनाउनपर्नेछ।

## परिच्छेद ३

## कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था

१२. **<u>उत्पादनमा आधारित अनुदान कार्यक्रमः मौरीपालन</u>**

(१) **<u>उद्देश्यः</u>**

(क) मौरीपालन व्यवसायलाई प्रोत्साहन गर्ने,

(ख) मौरीपालक कृषक/उद्यमीहरुलाई उत्पादन अनुसार उचित प्रोत्साहन उपलब्ध गराउने,

(ग) गुणस्तरीय मह उत्पादन र बजार प्रवर्द्धन गर्ने।

(२) **<u>लक्षित समूहः</u>** कृषि सहकारी, कृषक समूह, कृषि फर्म, कृषि उद्यमी, कृषिसँग सम्बन्धित समितिहरु तथा अन्य कृषि पेशामा आबद्ध कृषकहरु।

(३) **<u>प्रमुख क्रियाकलापः</u>**

(क) सूचना प्रकाशन तथा माग संकलन,

(ख) स्थलगत निरीक्षण तथा प्रतिवेदन तयारी,

(ग) अनुदान निर्धारण तथा स्वीकृती

(घ) अनुदान भुक्तानी।

(४) **<u>अनुदान सीमाः</u>** यस कार्यक्रम पूर्ण अनुदानमा सञ्चालन गरिनेछ।

(क) वास्तविक मह उत्पादनलाई आधार मानी अनुदान उपलब्ध गराइनेछ।

(ख) प्रति किलो महमा अधिकतम जम्मा रु. १००/- सय रुपैंयाको दरले अनुदान उपलब्ध गराइनेछ।

(ग) कृषि सहकारी, कृषक समूह, कृषि फर्म, कृषि उद्यमी, कृषिसँग सम्बन्धित समितिहरु तथा अन्य कृषि पेशामा आबद्ध कृषकहरुले कम्तीमा ३ घार मौरीपालन गरेको हुनुपर्नेछ।

## १३. <u>पूर्ण अनुदानमा तरकारी मिनिकिट वितरण कार्यक्रम</u>

(१) **उद्देश्यः**

(क) ताजा तरकारी उत्पादन बढावा दिने,

(ख)उन्नत जातका तरकारीको प्रवर्द्धन गर्ने।

(२) **लक्षित समूहः** कृषि सहकारी/ कृषक समूह

**(३) प्रमुख क्रियाकलापः** विभिन्न उन्नत जातका तरकारीको बीउ विजन पूर्ण अनुदानमा वितरण गर्ने

(४) **अनुदान सीमाः** स्वीकृत वजेट सिमाभित्र रही यस कार्यक्रम पूर्ण अनुदानमा सञ्चालन गरिनेछ।

## १४. <u>बेमौसमी तरकारी खेती प्रोत्साहन कार्यक्रम</u>

**(१) उद्देश्यः**

(क) विभिन्न तरकारी बालीको बेमौसमी उत्पादन गर्ने,

(ख)उत्पादन तथा उत्पादकत्व वृद्धि गरी कृषकहरुको आय आर्जन वृद्धि गर्ने।

(२) **लक्षित समूहः** कृषि सहकारी, कृषक समूह, कृषि फर्म, तथा कृषि उद्यमी।

(३) **प्रमुख क्रियाकलापहरुः** टनेल प्लाष्टिक, मल्चिङ्ग प्लाष्टिक तथा अन्य कृषि सामाग्री वितरण।

(४) **अनुदान सीमाः** यस कार्यक्रम ५० प्रतिशत लागत साझेदारीमा सञ्चालन गरिनेछ।

## १५. <u>कृषि उपकरण वितरण कार्यक्रम</u>

**(१) उद्देश्यः**

(क) कृषि क्षेत्रमा विभिन्न नविनतम् उपकरणको प्रयोग गर्न प्रोत्सान गर्ने,

(ख) उत्पादन तथा उत्पादकत्व वृद्धि गरी कृषकहरुको आय आर्जन वृद्धि गर्ने।

(२) **लक्षित समूहः** कृषि सहकारी, कृषक समूह, कृषि फर्म, तथा कृषि उद्यमी।

(३) **प्रमुख क्रियाकलापहरुः** स्प्रे पम्प, क्रेट, हजारी जस्ता उपकरणहरु वितरण गर्ने।

(४) **अनुदान सीमाः** यस कार्यक्रम ५० प्रतिशत लागत साझेदारीमा सञ्चालन गरिनेछ।

**१६. <u>कफी खेती पकेट विकास कार्यक्रम</u>**

**(१) उद्देश्यः**

**(क)** कफी खेतीलाई पकेट क्षेत्रका रुपमा विकास गर्ने

**(ख)** गुणस्तरीय विरुवा वितरण गरी उत्पादन वृद्धि गर्ने,

**(ग)** कृषकहरुको आयस्तरमा वृद्धि गर्ने।

**(२) <u>प्रमुख क्रियाकलापहरुः</u>**

**(क)** बीउ/विरुवा ५० प्रतिशत अनुदानमा वितरण गरिनेछ

**(ख)** आवश्यक प्रशोधन तथा मूल्य श्रृङ्खला प्रवर्द्धनका लागि उपकरण ५० प्रतिशत उपलब्ध गराइनेछ।

## परिच्छेद-४

## <u>विविध</u>

**१७. <u>अनुगमन तथा मूल्याङ्कनः</u>** कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन नीलकण्ठ नगरकार्यपालिकाको कार्यालयद्वारा गरिनेछ।

**१८. <u>दोहोरोपना हुन नहुनेः</u>** यस कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन कार्यालयबाट दोहोरोपना नहुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ। दोहोरो सुविधा लिएको पाईएमा सम्पूर्ण प्रोत्साहन रकम प्रचलित व्याज सहित असुल गरिनेछ।

**१९. <u>कार्यविधि बमोजिम गर्न सकिनेः</u>** सङ्घीय सरकार र प्रदेश सरकार तथा संघसस्था वा अन्य कुनैं पनी स्रोतबाट यस कार्याविधिमा उल्लिखित किसिमका कार्यक्रम सञ्चालन गर्नुपरेमा यसै कार्यविधि बमोजिम गर्न सकिनेछ।

**२०. <u>कारबाहीको व्यवस्थाः</u>** साझेदारले सम्झौता बमोजिम प्राप्त रकम तथा समाग्रीहरु लिई दुरुपयोग गरेको पाईएमा प्रचलित कानून बमोजिम असुल उपर गरिनेछ र ५ वर्षसम्म स्थानीय सरकारबाट सञ्चालन हुने कुनै पनि कार्यक्रममा समावेश गरिने छैन।

**२१. <u>संशोधनः</u>** यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा नगर कार्यपालिकाकाले आवश्यक संशोधन गर्न सक्नेछ।

२२. **<u>प्रचलित कानून बमोजिम हुने:</u>** यस कार्यविधिमा उल्लेख भएका सञ्चालन प्रक्रिया बाहेकका विषयहरु प्रचलित कानून सँग बाझिएमा प्रचलित बमोजिम नै हुनेछ।

२३. **<u>बचाउः</u>** (१) यस कार्यविधिमा लेखिएकोमा यसै बमोजिम र नलेखिएको हकमा प्रचलित संघीय र प्रदेश कानून बमोजिम हुनेछ ।

(२) यो कार्यविधि जारी हुनु यस भन्दा अगाडी नगरपालिकाले सञ्चालन गरेका सम्पूर्ण कृषि सम्बन्धित कार्यक्रमहरु यसै कार्यविधि बमोजिम भएको मानिने छ ।

अनुसूची १

(दफा ६ को उपदफा (१) संग सम्बन्धित)

प्रथम पटक प्रकाशित मितिः २०८२/ /

प्रस्तुत विषयमा नीलकण्ठ नगरकार्यपालिकाको कार्यालयको आ.व २०..../....... को स्वीकृत वार्षिक कार्यक्रममा रहेको............कार्यक्रममा समावेश हुन इच्छुक आवेदकहरुले यो सूचना प्रकाशित भएको २१ औं दिन सम्ममा कार्यालय समय भित्र आईपुग्ने गरी देहाय बमोजिमका कागजात सहित निवेदन साथ तपसिल बमोजिमका कागजात सहित प्रस्ताव दर्ता गर्नुहुन आह्वान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ।

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः**

१. सम्बन्धित निकायमा कृषि सहकारी/कृषक समूह/कृषि फर्म/समिति दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
२. स्थायी लेखा दर्ता प्रमाण-पत्र प्रतिलिपि, कर चुक्ता, लेखा परिक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि,
३. कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भए कम्तीमा ५ वर्षको सम्झौतानामा,
४. निवेदकको नागरिकता/परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि,
५. कृषि सहकारी/कृषक समूहको हकमा निर्णयको प्रतिलिपि,
६. प्रतिबद्धता पत्र,
७. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,
८. अन्य कुनै निकायमा सोही प्रकारका कार्यक्रममा सहभगिता नभएको स्वःघोषणा पत्र।

## अनुसूची २

(दफा ७ संग सम्बन्धित)

**प्रस्ताव दर्ताको ढाँचा**

मितिः

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
नीलकण्ठ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
धादिङबेशी, धादिङ ।

विषयः ............................सम्बन्धमा ।

महोदय,

प्रस्तुत विषयमा नीलकण्ठ नगरपालिकाको आ.व........................को स्वीकृत वार्षिक कार्यक्रम अनुसार मिति........................मा प्रकाशित .................कार्यक्रम संचालन गर्ने सम्बन्धी सूचना अनुसार यस श्री ....................................................................फर्म/सहकारी/समूह लाई................. कार्यक्रम आवश्यक रहेको हुदाँ उपलब्ध गराई दिनुहुन तपशिल अनुसारको कागजातहरु संलग्न गरी यो निवेदन पेश गरेको छु ।

**संलग्न कागजातहरुः**

१. सम्बन्धित निकायमा कृषि सहकारी/कृषक समूह/कृषि फर्म/समिति दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
२. स्थायी लेखा दर्ता प्रमाण-पत्र प्रतिलिपि, कर चुक्ता, लेखा परिक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि,
३. कार्यक्रम सञ्चालन हुने स्थान ( जग्गा/जमिन ) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भए कम्तीमा ५ वर्षको सम्झौतानामा,
४. निवेदकको नागरिकता/परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि,
५. कृषि सहकारी/कृषक समूहको हकमा निर्णयको प्रतिलिपि,
६. प्रतिबद्धता पत्र,
७. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,
८. अन्य कुनै निकायमा सोही प्रकारका कार्यक्रममा सहभगिता नभएको स्वःघोषणा पत्र।

आवेदकको नाम :
पदः
ठेगाना :
संस्थाको छाप :
सम्पर्क नं

### अनुसूची-३

**(दफा ७ सँग सम्बन्धित)**

**प्रतिबद्धताको ढाँचा**

नीलकण्ठ नगरकार्यपालिकाको कार्यालयको मिति २०८०/ / गते प्रकाशित सूचना अनुसार ............................................ कार्यक्रममा सहभागी हुन इच्छुक भई सोको आवेदन पेश गरेको/का छु/छौं। यस कार्यक्रममा छनौट भएमा कार्यक्रम पूर्ण रुपमा कार्यान्वयन गर्नेछु/छौं। नगरपालिकाबाट प्राप्त हुने सुविधा हिनामिना गरेको ठहरीएमा प्रचलित कानून बमोजिम सहुला/बुझाउला साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं ।

**साझेदारको तर्फबाट**

नामः

पदः

स्थानीय तहको नामः

ठेगानाः

साझेदार संस्थाको छापः

आवदेकको औंठाछापः

| दायाँ | बाँया |
|---|---|
| | |

अनुसूची-४

**(दफा ७ सँग सम्बन्धित)**

**स्व-घोषणा पत्र**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
नीलकण्ठ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
धादिङ्बेसी धादिङ् ।

प्रस्तुत बिषयमा तहाँ कार्यालयको मिति ........../....../........का दिन प्रकाशित सूचना अनुसार ...,...................स्थित ............................ले....................................कार्यक्रम प्रस्ताव पेश गरेको हुँदा तपशिलका बुँदाहरुमा प्रतिवद्धता व्यक्त गर्दछु /छौ।यदि यस स्व-घोषणामा केही झुठा पाइएमा प्रचलित कानून बमोजिमको सजायको भागेदार हुन मन्जुर रहेको समेत अनुरोध गर्दछु/छौं ।

**तपशिल:**

१. यस कार्यक्रमले वातावरणीय तथा सामाजिक रुपमा कुनैपनि प्रतिकुल असर गर्ने छैन।
२. कुनैपनि वित्तीय संस्था वा सरकारी निकायको कालो सुचिमा परेको छैन।
३. बिगत २ बर्ष यता सोही प्रकृतिको कार्यक्रममा कुनै पनि सरकारी निकायबाट अनुदान रकम लिएको छैन।

| दायाँ | बाँया |
|---|---|
| | |

आवेदकको नाम :
पद:
ठेगाना :
संस्थाको छाप :
सम्पर्क नं

आज्ञाले,
हरिदत्त कंडेल,
प्रमुख प्रशासकीय अधिकृत